# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२४,कात्तिक/मंसिर २०६८


## भित्र




त्रैमासिक समीक्षा.......................३

सामाजिक परिवार गतिविधि : गोरखा..........................................३






६३औं अन्तर्राष्ट्रिय मानव-अधिकार दिवस मनाइयो .........४

महिला अगुवा कार्यकर्ता - मना पाण्डे ...........................................४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# अवलोकन भ्रमण

सामाजिक परिवारहरूलाई क्षमता अभिवृद्धिका लागि तालिमका साथै अवलोकन भ्रमण पनि यस संस्थाले सञ्चालन गर्दै आइरहेको छ। जसअन्तर्गत पहाडकालाई तराईका जिल्लाहरू र तराई/मधेस काहरू-लाई पहाडी जिल्लाहरूको अवलोकन भ्रमण गराउँदा परस्पर सम्बन्धमा ठूलो फड्को मारेको छ। त्यस ठाउँका दर्शनीय स्थलहरूको भ्रमणसमेत गर्ने चलनले बलियो र न्यानो माया पाउँदै गएको छ। यस पटक पहाडबाट ३६ जनाको टोलीले तराई/मधेसको भ्रमण गऱ्यो। धादिङबाट १० जना, गोरखाबाट ११ जना, लमजुङबाट १० जना र बाँकी काठमाडौँबाट भ्रमणमा सहभागी भएका थिए। जसमा महिलाहरूको सङ्ख्या २५ जनाको थियो।

बिहान ५:३० मा काठमाडौँबाट प्रस्थान गरेको पत्रकार ध्रुव बस्नेतसहितको टोली धादिङ, गोरखा र लमजुङका सहभागीहरूलाई लिई बाटामा पर्ने महत्वपूर्ण स्थानहरूको अवलोकन गर्दै बेलुका बासका लागि उदयपुर जिल्लाको त्रिवेणी गाविस मजुवा गाउँको उदय सामाजिक परिवारमा पुगेको थियो । त्यहाँका सामाजिक परिवारका केटाकेटीदेखि बूढाबूढीसम्मका व्यक्तिहरूले भ्रमणदलका सदस्यहरूलाई भव्य स्वागत गरेका थिए । उनीहरूलाई खाने-बस्ने व्यवस्था सामाजिक परिवारमा नै मिलाइएको थियो । भोलिपल्ट बिहान भ्रमणदलले उदय सामाजिक परिवारले गरेका कार्यहरूअन्तर्गत पशुपति प्राथमिक विद्यालयको स्थापना, दुई बिगाह जमिनमा लगाएका केरा, आँप, लिची आदि फलफूलका सामूहिक बगैंचा, हरेकका घरमा शौचालय, तरकारी खेती अवलोकन गरेपछि सापका प्रतिनिधिहरूसँग बैठक गऱ्यो। बैठकमा अध्यक्ष समरबहादुर माझीले जानकारी दिँदै भन्नुभयो, "समग्रको प्रेरणाबाट २०५६ सालमा पशुपति आयआर्जन समिति बनेको र त्यसकै नामबाट



*लोकतान्त्रिक पद्धति भनेको जनताले आफ्नाबारेमा स्वतन्त्र रूपमा आफैं निर्णय गर्न पाउने प्रक्रिया हो, जहाँ काम र विचार लादिँदैन ।**

गाउँमा पशुपति प्रा. वि. स्थापना भएको हो । सो आयआर्जन समितिलाई हामीले २०६४ सालमा उदय सामाजिक परिवार बनायौं । सामाजिक परिवारका माध्यमबाट आज हामी गरिबबाट सम्पन्न भएका छौं । अहिले हाम्रो कोषमा २ लाख ८१ हजार रुपैयाँ छ ।" उदय सामाजिक परिवारको सफलता देखेर भ्रमणका सहभागीहरू चकित भएका थिए । कोही भन्दै थिए, "पख न, हामी पनि हाम्रो सामाजिक परिवारलाई यस्तै बनाएर देखाउँछौं ।"

भ्रमणदल त्रिवेणीबाट सौहार्दपूर्ण वातावरणमा बिदा भएर मिर्चैया बजार र लहान हुँदै सप्तरी जिल्लाको डिमन गा.वि.स.मा रहेको दादाजी सामाजिक परिवारमा पुग्यो । सापका सदस्यहरूले खुसी हुँदै फूलमाला र अबिरले स्वागत गरेका थिए । रामदेवी यादवले सम्पूर्ण अतिथिहरूलाई आफ्नो सापमा मैथिली भाषामा स्वागत गर्दै मानवअधिकारभित्र पर्ने गाँस, बाँस, कपास र बालबच्चाको अधिकार हनन जस्ता विषयमा कुरा उठाइन् । तराईका मानिसहरूमा घुम्टो प्रथा रहेको र पुरानो व्यवहार नछोडेको अवस्थामा सामाजिक परिवार बनेपछि धेरै परिवर्तन भएको उनको मूल्याङ्कन थियो । डिमन गाविसमा रहेका १५ वटा सामाजिक परिवारका प्रतिनिधिहरूले पालैपालो आफ्नो सापको गतिविधि सहभागीहरूलाई सुनाए । पहिला साहूसँग ऋण लिएपछि जिन्दगीभरि ऋणी रहनुपर्ने अवस्था सापको स्थापनापछि हराएको, आर्थिक अवस्थामा सुधार आएको, छुवाछुत र झैझगडा कम हुँदै गएको, सेवादायी निकायहरूसँग सम्बन्ध विस्तार भएको उनीहरूले बताए । भ्रमणदल त्रिवेणी र डिमनको भ्रमणपछि सापहरूसँग भेटघाट गर्ने क्रममा सिरहा जिल्लाको सीतापुर गाविसको सलोखैर गाउँमा रहेको मिलन सापमा पुग्यो । त्यहाँ पनि भ्रमणदलको भव्य स्वागत भयो । शारदादेवी दासले आफ्नो भनाइ राख्ने क्रममा सापहरूले थुप्रै सामाजिक आन्दोलन गर्नुपरेको र सफल पनि भएको बताइन् । उनका अनुसार विद्यालयमा दलितका नाममा आउने छात्रवृत्ति शिक्षकहरूले आधा बाँडेर आधा खाने, गाविस सचिवले भत्ताको रकम हिनामिना गर्ने, सरकारी कार्यालयका कर्मचारीहरू दलित तथा गरिबका कुरा नसुन्ने, ठूला जाति भन्नेहरूले दलितलाई अपमान गर्ने जस्ता अवस्था रहेकामा सापहरू सङ्गठित भई त्यसका विरुद्धमा आन्दोलन नै चलाउनुपरेको र अहिले ती प्रथामा सुधार आएको छ । अधिकलाल रामले विभिन्न कार्यालयहरूबाट ११ लाख ५० हजारको स्रोत प्राप्त गरेको र बाँस, ढुङ्गाको काम मजदुर लगाएर तटबन्ध गरी बाढी नियन्त्रण गरेको कुरा बताए । भ्रमणदलले क्षेत्रीय कार्यालय लहानमा स्थानीय पत्रकारहरूसँग पनि भेटघाट गरी आ-आफ्ना अनुभवहरू साटासाट गरे । रामजानकी मन्दिरको अवलोकन गर्दै भ्रमणका सहभागीहरू आ-आफ्ना गन्तव्यमा फर्किए ।

## जीविकोपार्जन गतिविधि

- उदयपुर हडिया गाविसका शिवशक्ति, छिँडीखोला सापका मीना सदा, जानुका चौधरी, गीता कार्की र लक्ष्मी कार्कीले घरेलु तथा साना उद्योग कार्यालय उदयपुरबाट ३ महिने सिलाइ-कटाइ तालिम लिई आफ्नो व्यवसाय सञ्चालनमा लागेका छन् । उक्त व्यवसायबाट उनीहरूको आर्थिक अवस्थामा सुधार आएको छ ।
- सिरहा जिल्लाको शान्ति सामाजिक परिवार कचनारीका ३५ जना सदस्यहरू गरिबी निवारण कार्यक्रमबाट लाभान्वित भएका छन् । हिजो अरूको माटो काट्ने र ज्याला-मजबुरा गनुपर्ने, मुसहर समुदायका ती व्यक्तिहरु भैँसी, बाखापालन र तरकारी खेती गरी आत्मनिर्भर बनेका छन् । त्यसै गरी बेलपत्र साप कचनारीका २५ धुरीका महिलाहरूले बेमौसमी तरकारी खेती गरी मनग्य आम्दानी गरेका छन् । सापका अध्यक्ष अर्मिलादेवी महतो



*स्वायत्तता भनेको निर्णय गर्ने अधिकारसँग सम्बन्धित हुन्छ, जसमा सम्बन्धित निकायमार्फत जनता आफ्नो हितको विषयमा आफैं निर्णय गर्न सक्षम हुन्छ र निर्णय प्रक्रियामा माथिल्लो शक्तिको हस्तक्षेप हुँदैन ।**

भन्नुहुन्छ, “हिजो खानालाई धौ-धौ पर्ने हाम्रो परिवारलाई तरकारी खेतीले ठूलो राहत पुगेको छ । दुई छाक खाना कुनै समस्या छैन । छोराछोरीहरूलाई बोर्डिङ स्कुलमा पढाउन सक्ने भएका छौं ।”

●

## त्रैमासिक समीक्षा

पहाडी जिल्लाहरू धादिङ, गोरखा तथा लमजुङमा सञ्चालित कार्यक्रमको त्रैमासिक समीक्षा सम्पन्न भयो । धादिङमा गरिबी निवारण संस्थाका सहयोगी संस्थाहरूको संयुक्त बैठक बसी गरिबी निवारण कार्यक्रमको समीक्षा भएको थियो । उक्त बैठकमा गरिबी निवारण कोषका कार्यप्रबन्धक ओमप्रसाद पौडेल, समग्रका कार्यक्रम अधिकृत अमर अधिकारीलगायत अन्य ७ वटा संस्थाका प्रतिनिधिहरू सहभागी थिए । बैठकमा फिल्ड गतिविधि तथा नयाँ साप गठन, थप आयआर्जन कार्यक्रम तथा पूर्वाधार निर्माणलगायतका विषयमा छलफल भयो ।

धादिङ, गोरखा तथा लमजुङमा कार्यरत कर्मचारी तथा स्वयम्सेवकहरू र केन्द्रीय कार्यालयका कार्यक्रम अधिकृतको सहभागितामा त्रैमासिक रूपमा फिल्डमा भएका गतिविधिहरूको समीक्षा तथा भावी योजना र कार्यान्वयन सम्बन्धमा छलफल सम्पन्न भयो । उक्त बैठकमा सामाजिक परिवारहरूको मासिक बैठक नियमित रूपमा सञ्चालन भइरहेका थिए । तर बिदा, वर्षा



तथा बीचमा दशैं-तिहार परेकाले तालिम कार्यक्रमहरू भने सञ्चालन गर्न नसकिएको सहभागीहरूले बताए । त्यसै गरी पुस मसान्तसम्म गरिने कार्ययोजना तयारी गरी सोहीमुताबिक कार्यान्वयन गर्ने निर्णय भयो ।●

## सामाजिक परिवार गतिविधि : गोरखा

- हरियाली साप चोरकाटे छोप्राकका सदस्यहरूले आफ्नो कोष वृद्धिका लागि सामूहिक तरकारी खेती सुरु गरेका छन् । उनीहरूले २ रोपनी जग्गामा वर्षे तरकारीहरू साग, मूला, रामतोरिया, फर्सी, लौका आदि फलाएका हुन् । यी तरकारी बिक्रीबाट झन्डै १० हजार आम्दानी भएको सापका अध्यक्ष जुनुमाया कुमाल बताउँछिन् । हिउँदे तरकारीहरूमा काउली, बन्दाकोभी, सिमी रोपिएको र आगामी दिनमा



यसलाई विस्तार गर्ने योजना रहेको अर्का सदस्य जानुका कुमाल बताउँछिन् ।
- मिरमिरे सापको पहलमा गोरखाको खोप्लाङ गाविसमा खानेपानी योजना सम्पन्न भएको छ । सो सापका अध्यक्ष कृष्णबहादुर परियारको अध्यक्षतामा खुर्पाजुङ गाउँमा निर्माणाधीन खानेपानी योजनाको सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईबाट उद्घाटन भयो । सो योजना २ करोडभन्दा बढीको लागतमा सम्पन्न भएको हो ।
- जनजाति साप धावाका सदस्य मीनबहादुर तामाङले कृषि सेवा केन्द्रबाट ७ दिने फलफूलसम्बन्धी तालिम लिई आफ्नै बारीमा व्यावसायिक रूपमा केरा खेती सञ्चालन गरी आयआर्जन गर्न थालेका छन् । जसका लागि उनले आफ्नो सापबाट रू.१०,००० ऋण लिई १०० बोट केराका बिरुवा खरिद गरी व्यवसाय सुरु गरेका थिए ।



- जनचेतना साप दरबुङकी सदस्य मीना विकले सापबाट २,५०० ऋण लिई एउटा बाखा खरिद गरी बाखापालन सुरु गरेकी हुन् । खसी र बोका बेचेर २० हजार आम्दानी गरिन् । अहिले उनीसँग ५ वटा अरू बाखा पनि छन् । उनी भन्छिन्, “बीउ धेरै चाहिँदो रहेनछ, हाम्रो ठाउँमा बाखापालन उपयुक्त व्यवसाय रहेछ ।”
- हरियाली साप र देवीस्थान साप छोप्राकका सदस्यहरूले संविधान सभाका सदस्य ज्ञानेन्द्र कुमालसँग अन्तरक्रिया गर्दै नयाँ संविधानमा कुमाल तथा अल्पसङ्ख्यक जातिहरूको हक-अधिकार सुनिश्चितताका लागि माग गरे । त्यसै गरी अन्नपूर्ण साप खोप्लाङका सदस्यहरूले अर्का सभासद् कमला पन्तसँग महिलाअधिकारका बारेमा छलफल गर्नुका साथै अधुरो रहेको सामुदायिक भवन निर्माण पूरा गरिदिन सहयोग माग गरेका थिए ।



- जनहित साप मगरडिहीले स्थानीय स्तमा बाटो निर्माण कार्य सुरु गरेका छन् । गाविसबाट प्राप्त सहयोग रू. ३० हजार मा श्रमदान गरी बाटो निर्माण गरेका हुन् । यस सापले मानवअधिकार संरक्षण कार्यका साथै आयआर्जन कार्य पनि सञ्चालन गर्दै आएको सदस्य चमेली थापा बताउँछिन् ।●

# ६३औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइयो

६३औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस सिरहा, सप्तरी, उदयपुर, गोरखा, धादिङ, लमजुङ, धनुषा र महोत्तरीमा जिल्ला स्तर तथा सामाजिक परिवारहरूमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइयो । सिरहा जिल्लाका मानवअधिकार सञ्जालमा आबद्ध समग्रसहितका १७ वटा संघसंस्थाले रक्तदान, र्‍याली, सभा, अन्तरक्रिया र सम्मान कार्यक्रमको आयोजना गरी मानवअधिकार दिवस मनाए । कार्यक्रमको अध्यक्षता समग्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले गरेका थिए । कार्यक्रममा नागरिक समाज, पत्रकार, संघसंस्था, सामाजिक परिवारका सदस्य, राजनीतिक दल, सरकारी निकायका प्रतिनिधि सहभागी थिए । अधिकारका क्षेत्रमा काम गर्ने सञ्चारकर्मी, महिला अधिकारकर्मी र पुरुष अधिकारकर्मी गरी ३ जनालाई सम्मान गरियो । सम्मान हुनेहरूमा नागरिक दैनिक




तथा फूलबारी एफ.एम.का मिथलेस यादव, महिला मानवअधिकार रक्षक सञ्जाल सिरहाका सदस्य सङ्गम विक र ओरेक नेपाल सिरहा शाखाका लेखबहादुर कटुवाल थिए । उनीहरूलाई इलाका प्रशासन प्रमुखले दोसल्ला ओढाई सम्मान गरेका थिए । त्यसै गरी धादिङ, लमजुङ, सप्तरी तथा उदयपुरका मानवअधिकारवादी संघसंस्थाहरूले संयुक्त रूपमा मानवअधिकार दिवस मनाएका थिए ।

गोरखाका दरबुङ, फुजेल, बोर्लाङ र धावा गरी ५ गाविसका सामाजिक परिवारहरू मिली फुजेल गाविस वडा नं ८ बटुकी निमाविमा जम्मा भई मानवअधिकार दिवस मनाए । उनीहरूले भैरवीस्थान चण्डीहटी, बटुकी निमाविसम्म र्‍याली प्रदर्शन गर्दै सभा स्थलमा प्रवेश गरेका थिए । स्थानीय शिक्षक, सापहरूका प्रतिनिधिलगायतले मानव-अधिकारका बारेमा सहभागीहरूलाई बताएका थिए । उनीहरूले आ-आफ्ना स्थानहरूमा मानवअधिकार हनन हुन नदिने प्रतिबद्धतासमेत जनाएको बटुकी निमाविका पूर्वप्रधानाध्यापक कृष्णबहादुर परियारले बताए ।

धनुषा तथा महोत्तरीका सापहरूले र्‍याली प्रदर्शन र सभा गरी मानवअधिकार दिवस मनाए । उनीहरूले कविता प्रतियोगिता पनि सञ्चालन गरेका थिए । ●

# महिला अगुवा कार्यकर्ता - मना पाण्डे

खोप्लाङ गाविस वडा नं.६ आँपटारमा सञ्चालन भएको अन्नपूर्ण सामाजिक परिवारकी कोषाध्यक्ष मना पाण्डे गाउँकी सामाजिक स्वयम्सेविका तथा महिला अगुवा हुन् । उनी आफ्नो घरायसी कामको अलावा सामाजिक कार्यमा सक्रिय रूपमा लाग्दै आएकी छिन् । गाउँमा सापको स्थापनादेखि महिला हक-अधिकारको कुरा उठाउने, गाउँमा सामुदायिक भवन निर्माण, सरसफाइ आदि कार्यदेखि लिएर संविधानसभा सदस्यहरूसँग समेत गाउँको विकासका लागि माग गर्ने, अन्तरक्रिया गर्नेलगायत कार्यमा महत्वपूर्ण भूमिका उनले निभाएकी छिन् । आफ्नाबारेमा उनी यसो भन्छिन्, “मेरो घर खोप्लाङ गाविस वडा नं. ६ आँपटारमा पर्छ । म अन्नपूर्ण सापकी कोषाध्यक्ष हुँ । मेरा २ छोरा र ३ छोरीहरू छन् । मेरो उमेर ४५ नाघिसक्यो । मेरो घरको आर्थिक अवस्था त्यति राम्रो छैन । तर पनि पहिलेभन्दा राम्रो हुँदै आएको छ । गाउँमा साप बन्नुभन्दा अगाडि हामी महिलाहरू सङ्गठित थिएनौं । आ-आफ्ना समस्यालाई गुम्स्याएर राख्नुबाहेक हामीसँग विकल्प पनि थिएन । २०६४ सालमा हाम्रो गाउँमा साप बन्यो । सापमा हामी ३० जना



महिलाहरू सङ्गठित भयौं । समग्रबाट सञ्चालन भएका मानवअधिकार, द्वन्द्व व्यवस्थापन, स्रोतसाधनको खोजी, सहकारी आदि थुप्रै तालिमहरूमा पालैपालो सहभागी हुँदै गयौं । दिदीबहिनीहरू बोल्न सक्ने, कार्यक्रमहरू माग गर्न सक्ने हुँदै गए । मेरो क्षमता पनि बढ्दै गयो । सापमा कोषको पनि वृद्धि हुँदै गयो । सदस्यहरूलाई आयआर्जन कार्यमा लाग्न बीउपुँजीको व्यवस्था भयो । मैले पनि साप कोषबाट ऋण लिएर २०६७ असारबाट कुखुरा पालन थालेकी छु । मैले दुई चोटि कुखुरा बिक्री गरेँ । पहिलो पटकमा रू. ३० हजारका कुखुरा बिक्री गरेँ र दोस्रो पटकमा रू.४८ हजार गरी जम्मा ७८ हजारका कुखुरा बिक्री गरी सापबाट लिएको ऋण १० हजार चुक्ता गरी कुखुराको दाना र अन्य सबै खर्च कटाई ३८ हजार फाइदा भयो । यस रकमबाट घरखर्च र बालबच्चाहरूको पढाइ खर्च गर्न सजिलो भएको छ । अहिले ४ सय चल्ला पनि राखेकी छु । यस पटक ५० हजारभन्दा बढी फाइदा हुन्छ जस्तो लागेको छ । गाउँ-समुदायको विकासको कुरा गर्ने हो भने हामीले गाउँमा सामुदायिक भवन गाविस तथा सांसद कोषमार्फत सहयोग जुटाएर र आफैं पनि श्रमदान गरी निर्माण गर्‍यौं । हामीलाई नियमित बैठक सञ्चालन गर्न सजिलो भएको छ । महिलाअधिकारका लागि विभिन्न अभियानहरू चलाउँदै आएका छौं । महिला सांसद कमला पन्तसँग नयाँ संविधानमा महिलाको हक-अधिकारको सुनिश्चितताको माग पनि राख्यौं । समग्रले सञ्चालन गरेको अधिकारमुखी कार्यक्रम र सामाजिक परिवारले हामीलाई ठूलो फाइदा पुगेको छ ।”●

स्वशासन भनेको आफूमाथि आफैँले शासन गर्ने अवधारणा हो । यसमा शासन, कानुन निर्माण, कार्यान्वयन र मूल्यांकनमा शासितहरुको संलग्नता हुन्छ ।*

*मिलन श्रेष्ठद्वारा लिखित “विकेन्द्रीकरण स्थानीय अधिकारी र नेपाली कानून” पुस्तकबाट साभार